म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १८१ २०८१ जेठ १० गते बिहीबार 23 May 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## दीपक होटलमा मृत फेला

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-३, शिखरकटेरीका दीपक घोरासैनी हेटौंडा-२, पल्पसारोडस्थित ड्रागन होटलमा मृत फेला परेका छन् । आइतबारदेखि होटलमा बस्दै आएका दीपक मंगलबार बिहान एक पटक बाहिर निक्सिएको देखिए पनि दिनभर आउजाउ गरेको नदेखिएपछि होटल सञ्चालकले प्रहरीलाई खबर गरेका थिए ।

प्रहरीको उपस्थितिमा मंगलबार साँझ ८ बजेको समयमा ढोका फोडेर हेर्दा दीपक मृत भेटिएको मकवानपुर प्रहरीले जनाएको छ । मृतकको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

## गृहमन्त्री लामिछानेले भने,
# स्थानीय प्रशासन पीडितका लागि भर, पीडकका लागि डर बन्नुपर्छ



समाज संवाददाता

हेटौंडाः गृहमन्त्री रवि लामिछानेले स्थानीय प्रशासन पीडितका लागि भर, पीडकका लागि डर बन्नुपर्ने बताउनुभएको छ । बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई बुधबार हेटौंडामा सम्बोधन गर्नुहुँदै गृहमन्त्री लामिछानेले प्रहरी समायोजनसम्बन्धी कार्य सम्पन्न गर्न कानुन तर्जुमालगायत कार्यमा गृह मन्त्रालयले सक्रियतापूर्वक कार्य गरिरहेको दावी गर्नुभयो ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, आन्तरिक मामिला तथा कानुन मन्त्री गंगा नारायण श्रेष्ठ, गृहसचिव एकनारायण अर्यालसहित प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धानका उच्च पदस्थ अधिकारीको उपस्थितिमा भएको गोष्ठीलाई सम्बोधन गर्नुहुँदै गृहमन्त्री लामिछानेले राजनीतिक आवरणमा असंवैधानिक र गैरकानुनी गतिविधि हुन नदिन, नागरिकले आफूमाथि शोषण, दमन र उत्पीडन भएको र आर्थिक, सामाजिक, साँस्कृतिकरुपमा ठगिएको महसुस गर्ने अवस्था आउन नदिने गृहप्रशासनका अधिकारीलाई निर्देशन दिनुभएको छ ।

नागरिकका सबै प्रकारका गुनासालाई स्थानीयस्तरमै सुनुवाई गर्ने र समाधान गरी नागरिक सन्तुष्टि अभिवृद्धि गर्न पनि गृहमन्त्री लामिछानेले आग्रह गर्नुभएको छ । गृहमन्त्री लामिछानेले सुरक्षा गोष्ठी भइरहेको सभाकक्षबाट बाहिर निस्कँदै गर्दा सञ्चारकर्मीलाई कुनै किसिमको प्रतिक्रिया दिन इच्छुक हुनुभएन । गोष्ठी भएको सभाहलबाट बाहिर निस्कँदै गर्नुहुँदा गृहमन्त्री लामिछानेले सञ्चारकर्मीलाई बताउनुपर्ने कुनै कुरा नभएको बताउनुभयो । मंगलबार र बुधबार दुईदिन हेटौंडामा भएको कार्यक्रममा जिल्ला सुरक्षा समितिको तर्फबाट बागमती प्रदेशका १३ वटै जिल्लाको सुरक्षा अवस्थाका बारेमा जानकारी गराएका थिए । गृहमन्त्री लामिछानेले राजश्व चुहावट नियन्त्रण, सार्वजनिक जग्गाको संरक्षणमा पनि उल्लेख्य प्रगति भएको दावी गर्नुभयो ।

कार्यक्रममा बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले सुरक्षासेवालाई प्रभावकारी बनाउन गृहप्रशासनले नागरिकमैत्री, प्रविधिमैत्री बनाउन आवश्यक रहेको बताउनुभो । उहाँले सुरक्षा निकायलाई व्यावसायिक र राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउनुपर्ने बताउनुभयो । गोष्ठीलाई सम्बोधन गर्नुहुँदै गृहसचिव एकनारायण अर्यालले प्रदेशका एक जिल्लाले अर्को जिल्लाको असल अभ्यासलाई अबलम्बन गर्न सुझाव दिनुभयो । गोष्ठीको निश्कर्षलाई गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराईले जानकारी दिनुभएको थियो ।

# प्रदेशको कुल गार्हस्थ्य उत्पादन झण्डै २१ खर्ब

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको अर्थतन्त्रको प्रादेशिक कुल गार्हस्थ्य उत्पादन झण्डै २१ खर्ब रुपैयाँ रहेको छ । आर्थिक वर्ष २०८०/०८१ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुमान सार्वजनिक कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक गणेशप्रसाद आचार्यले बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन २० खर्ब ७४ अर्ब रुपैयाँ रहेको सार्वजनिक गर्नुभएको हो ।

राष्ट्रिय लेखा अनुमान गर्ने क्रममा चालु आर्थिक वर्ष २०८०/०८१ को लागि पहिलो ६ देखि ९ महिनासम्मका उपलब्ध आँकडा तथा सूचना प्रयोग गरी बाँकी अवधिको अवस्था सामान्य रहने अपेक्षासहित तथ्याङ्कीय विधिबाट राष्ट्रिय लेखाका प्रारम्भिक अनुमान तयार गरिएको छ । बुधबार भएको कार्यक्रममा आचार्यले बागमती प्रदेशमा वस्तु तथा सेवाको वृद्धि २०.७४ भएको बताउनुभयो । आचार्यका अनुसार चालु आर्थिक वर्ष २०८०/०८१ मा नेपालको अर्थतन्त्रको आकार करिब ५७ खर्ब ५ अर्ब पुग्ने प्रारम्भिक अनुमान गरिएको छ भने प्रादेशिक अर्थतन्त्र बागमती प्रदेशका लागि प्रारम्भिक अनुमान २० खर्ब ७४ अर्ब रुपैयाँ रहेको छ ।

बागमती प्रदेशले कुल अर्थतन्त्रको ३६.४ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान गरिएको छ। नेपालको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.८७ प्रतिशत हुने प्रारम्भिक अनुमानसमेत गरिएको छ । गत वर्षको तुलनामा कुल गार्हस्थ्य उत्पादनमा कोशी, मधेश, कर्णाली र सुदूरपश्चिमको योगदान सिमान्तरूपमा घटेको छ भने बाँकी प्रदेशको योगदान बढेको छ ।

उपभोक्ताको मूल्यमा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.८७ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएकोमा गण्डकी, लुम्बिनी र बागमती प्रदेशको राष्ट्रिय वृद्धिदर धेरै र बाँकी प्रदेशको राष्ट्रिय वृद्धिदर थोरै हुने प्रारम्भिक अनुमान रहेको छ । नेपालको ७ वटै प्रदेशमा आर्थिक वर्ष २०७८/०७९ को वृद्धिदर भन्दा आर्थिक वर्ष २०७९/०८० को वृद्धिदर कम देखिन्छ भने आर्थिक वर्ष २०७९/०८० को वृद्धिदर भन्दा आर्थिक वर्ष २०८०/०८१ को वृद्धिदर धेरै रहेको देखिएको छ। औद्योगिक वर्गीकरण अनुसारको आर्थिक क्रियाकलापलाई हेर्दा गत आर्थिक वर्ष र यस आर्थिक वर्षमा बागमती प्रदेशबाहेकका सबै प्रदेशमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी देखिन्छ भने बागमती प्रदेशमा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान सबैभन्दा बढी देखिन्छ ।

बागमती र मधेश प्रदेशबाहेक सबै प्रदेशहरूको कुल गार्हस्थ्य उत्पादनमा प्रशासनिक सहयोगी सेवा क्रियाकलापको योगदान सबैभन्दा न्यून देखिन्छ । बागमतीमा पानी आपूर्ति तथा फोहर व्यवस्थापनसम्बन्धी क्रियाकलापको योगदान सबैभन्दा न्यून देखिन्छ। बागमती प्रदेशको वृहत् आर्थिक क्षेत्रको प्राथमिक क्षेत्रमा कृषि, वन तथ मत्स्य र खानी तथा उत्खनन् रहेको छ भने द्वितीय क्षेत्रमा उद्योग, विद्युत्, ग्याँस, पानी, फोहोर व्यवस्थापन र निर्माण रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमितरुपमा आर्थिक सूचक तथा त्यससँग सम्बन्धित तथ्याङ्क विगत छ दशकदेखि निरन्तररूपमा सार्वजनिक गर्दै आएको जनाएको छ । प्रादेशिक अनुमान प्रचलित मूल्य र स्थिर मूल्य दुबैमा मापन गरी सार्वजनिक गरिएको हो ।












# पोलियोविरुद्ध खोप अभियान सञ्चालन हुँदै

समाज संवाददाता

हेटौंडा: नेपालभर पोलियोविरुद्ध खोप अभियान सञ्चालन हुँदैछ । आगामी जेठ १३ गतेदेखि २६ गतेसम्म मकवानपुरसहित देशभर खोप अभियान सञ्चालन हुने भएको हो ।

विगतमा पोलियो खोप लगाउन छुटेका बालबालिकालाई पोलियो खोप दिइन लागेको हो । पोलियो रोगविरुद्धको आईपीभी (इनएक्टिभिटेड पोलियो भ्याक्सिन) खोप लगाउन छुटेका देशभरका करिब १४ लाख ६० हजार बालबालिकालाई अभियान सञ्चालन गरेर खोप लगाइने भएको हो ।

नेपालमा २०७३ साल बैशाखदेखि २०७५ साल असोजसम्म पोलियो खोप लगाइएको थिएन । विश्वमा आईपीभी खोप अभाव भएकाले उक्त अवधिमा बालबालिका खोपबाट वञ्चित भएका थिए । पोलियो रोगविरुद्ध मुखबाट पोलियो थोपा खुवाउने गरेकोमा सन् २०१४ बाट सुईबाट नेपालमा पोलियोविरुद्धको खोप (आईपीभी) सुरु भएको थियो । २०७३ बैशाखदेखि २०७५ असोजसम्म विश्वव्यापीरुपमा अभाव भएका कारण खोप दिन रोकिएको थियो ।

त्यसबेला विश्वबजारमा यो खोप अभाव भएका कारण ती बालबालिकाहरु आईपीभी खोप पाउनबाट वञ्चित भएकाले ती बालबालिकाहरु पोलियो रोगको जोखिममा हुनसक्ने भन्दै खोप दिन लागिएको बताइएको छ । मकवानपुर जिल्लामा पनि जेठ १३ गतेदेखि १९ गतेसम्म जिल्लाका ५ सय ४१ वटा विद्यालयमा अभियानमार्फत् आईपीभी खोप लगाउन लागिएको हो ।

अभियानमा छुटेका बालबालिकालाई जेठ २६ गतेसम्म हेटौंडा अस्पतालको एमसीएच क्लिनिकमा खोप लगाइने व्यवस्था मिलाइएको जनस्वास्थ्य कार्यालय मकवानपुरका खोप फोकल पर्सन बासु रिमालले जानकारी दिनुभयो । मकवानपुरका स्थानीय तहहरुमा खोपको सामग्री पुगिसकेको उहाँको भनाइ छ ।

पोलियोविरुद्ध खोप नलगाएमा विभिन्न स्वास्थ्य समस्या देखा पर्नुका साथै मृत्युसमेत हुनसक्ने डब्लुएचओ आईभीडीकी डाक्टर सस्मिता बास्तोलाले बताउनुभयो । बालबालिकालाई पोलियो रोगविरुद्ध एफआईटीई र आईपीभी खोप नियमित लगाउने गरिएको छ । यी दुबै खोपमा खोप दिने ठाउँ र डोजबाहेक कुनै भिन्नता नरहेको बताइएको छ ।

तथ्याङ्कअनुसार पोलियोको समस्या धेरै १५ वर्षमुनिका बालबालिकालाई देखिने गरेको छ । नेपालमा अन्तिम पटक पोलियोको समस्या रौतहटमा २०१० सालमा देखिएको थियो । तर विभिन्न देशहरुमा आवतजावत हुने भएकाले उन्मुलन नहुने बेलासम्म यो खोप लगाउन आवश्यक छ । ज्वरो आएको, रोग प्रतिरोधात्मक क्षमता कम भएको, क्यान्सर रोग लागेको, टिबीको औषधी खान सुरु गरेको अवस्थामा पोलियोविरुद्धको खोप दिन मिल्दैन ।

मकवानपुर जिल्लाको विद्यालयमा अध्ययन गर्ने तथा बाहिरका गरी खोप लगाउनुपर्नेमा २२ हजार ५ सय ६ जना बालबालिका रहेको अनुमान छ । बागमती प्रदेशमा ३ लाख ३० हजार बालबालिका यो खोप लगाउन छुटेको तथ्याङ्क छ । बुधबार जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको अध्यक्षता रहेको थियो ।

# बुद्ध जयन्तीको अवसरमा मकवानपुरगढी-गोर्खा साइकलयात्रा

समाज संवाददाता

हेटौंडा: २५६७ औं बुद्धजयन्तीको अवसरमा हिमलयन राइडर्स सोसाइटी मकवानपुरको आयोजनामा मकवानपुरको ऐतिहासिक मकवानपुरगढी देखि गोरखा दरबारसम्मको दुईदिने साइकलयात्रा गरिने भएको छ । मकवानपुरगढी गाउँपालिका-२ को समन्वयमा आन्तरिक पर्यटन प्रवर्द्धनको निम्ति ऐतिहासिक मकवानपुर गढीदेखि गोरखा दरबारसम्म साइकलयात्रा आयोजना गर्न लागिएको हो ।

साइकलयात्रामा १२ जनाले सहभागिता जनाउन लागेको सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिनुभएको छ । आज बिहिबार मकवानपुर गढीबाट सुरु हुने साइकलयात्रा भोलि शुक्रबार साँझ गोरखा दरबार पुगेर समापन गरिने छ । पहिलो दिन मुग्लिनसम्म पुग्ने लक्ष्य रहेको सोसाइटीका उपाध्यक्ष राजु थापा मगरले जानकारी दिनुभएको छ । साइकलयात्रा एकतर्फी मात्रै हुने बताइएको छ । साइकलयात्रामा ६० वर्ष उमेर पार गरेका ४ जना, ५० वर्ष उमेर पार गरेका ४ जना, ४० वर्ष र ३० वर्ष उमेर पार गरेका २/२ जनाले सहभागिता जनाउने भएका छन् ।

साइकलयात्रामा सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्य, उपाध्यक्ष राजु थापामगर, कोषाध्यक्ष लक्ष्मीचरन श्रेष्ठ, सदस्य बुद्धिबहादुर आलेमगर, अशोक जोशी, बरुण खतिवडा, सुरज लिम्बू, दुर्गाप्रसाद लामिछाने, कीर्तन मानन्धर, प्रदीप थापाक्षेत्री, लेखनाथ ढकाल, नबराज नेपालले सहभागिता रहनेछ । सुरज लिम्बुको एउटा हात कृत्रिम रहेको छ । लिम्बु फरकक्षमता भएका व्यक्ति हुनुहुन्छ । हिमालयन राइडर्स सोसाइटीले यसअघि चीनसँगको सीमाक्षेत्र रसुवागढीदेखि भारतको सीमाक्षेत्र ठोरीसम्म १० जनाको साइकलयात्रा गरेको थियो भने पूर्व मेचिदेखि पश्चिम महाकालीसम्म १३ जनाको समूहले साइकलयात्रा गरिसकेको छ ।

# प्रारम्भिक कक्षा सिकाइको परिचयात्मक कार्यक्रम

समाज संवाददाता

हेटौंडा: प्रारम्भिक कक्षा सिकाइसम्बन्धमा जिल्लास्तरीय परिचयात्मक कार्यक्रम गरिएको छ । सोमबार युएसएआईडीको आयोजना तथा बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयको समन्वयमा कार्यक्रम भएको हो ।

प्रदेशका १० वटा जिल्लामा सञ्चालन भइसकेको उक्त कार्यक्रम मकवानपुर जिल्लामा पहिलो पटक भएको हो । प्रदेशको रामेछाप र नुवाकोट जिल्लामा कार्यक्रम सञ्चालन हुन बाँकी रहेको बताइएको छ । प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम ५ वर्षसम्म सञ्चालन हुने परिचयात्मक कार्यक्रममा जानकारी दिइएको छ ।

कार्यक्रममा सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्य रहेको थियो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा मकवानपुरको १० वटा पालिकाका अध्यक्ष, उपाध्यक्ष, शिक्षा शाखा प्रमुख तथा शिक्षकहरुको सहभागिता रहेको थियो । कार्यक्रममा प्रारम्भिक कक्षाका बालबालिकाको सिकाइसँग सम्बन्धित स्थानीय सरकारका प्राथमिकताहरुको बारेमा छलफल गरिएको छ ।

कार्यक्रममा तहगत शिक्षामा देखिएको समस्या, चुनौती तथा त्यसको निवारण, भूगोलले शिक्षामा पारेको समस्या, मकवानपुर जिल्लामा देखिएका र सामाधान गर्न गाह्रो भएका समस्याजस्ता विषयमा छलफल गरिएको थियो । छलफलबाट प्रर्याप्त शिक्षक दरबन्दी नभएको, शिक्षकको क्षमतामा कमी, भौतिक सवारी साधनको कमी, सामाजिक सञ्जाल तथा देखासिकीजस्ता समस्याहरु उजागर गरिएका थिए ।

यस्तै, कार्यक्रममा अल्पसङ्ख्यक र अपाङ्गता भएका बालबालिकाको शिक्षामा हुने समस्याको बारेमा पनि छलफल भएको थियो । युएसएआईडीका निर्देशक अनन्त पौडेलले प्रारम्भिक कक्षा सिकाइको पृष्ठभूमिबारे प्रकाश पार्दै युएसएआईडी प्रारम्भिक कक्षा पढाइ कार्यक्रम र युएसएआईडी सबैका लागि पढाइ कार्यक्रमको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

निर्देशक पौडेलले युएसएआईडी प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमले नेपालका विभिन्न स्थानका विद्यार्थीहरुलाई पढ्न र लेख्न सहयोग गरेको जानकारी दिनुभयो । कार्यक्रमअन्तर्गत् अभिभावकहरुलाई पनि तालिम प्रदान गर्ने उहाँको भनाइ छ । अर्को वर्ष युएसएआईडीले कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई नेपाली र गणित विषयको गुणस्तरीय सिकाइका लागि विद्यालयलाई ६ लाख दिने जनाइएको छ ।

युएसएआईडीले ४ सय २२ वटा पालिका र ४८ वटा जिल्लामा सहयोग गर्ने बताइएको छ । युएसएआईडी प्रारम्भिक कक्षा सिकाइ २०२३-२०२८ को लक्ष्य प्रारम्भिक कक्षा १ देखि ३ सम्मको सिकाइ उपलब्धी सुधार गर्न संघ, प्रदेश र स्थनीय सरकारको क्षमता अभिवृद्धि गर्नु हो ।

# तरकारी र फलफूलको विषादी अवशेष परीक्षण हुने: मन्त्री डा. श्रेष्ठ

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशको कृषि तथा पशुपछी विकासमन्त्री डा. राजेन्द्रमान श्रेष्ठले तरकारी र फलफूलको विषादी अवशेष परीक्षण हुने बताउनुभएको छ । हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा हेटौंडा-११ मा निर्माणाधीन प्रादेशिक कृषि थोक बजार निर्माण कार्य ८५ प्रतिशत सम्पन्न भएको जानकारी दिँदै निर्माण कार्य सम्पन्न भएलगत्तै तरकारी र फलफूलको विषादी अवशेष परीक्षण हुने उहाँले बताउनुभएको हो ।

मंगलबार मन्त्रालयको सभाहलमा मन्त्री श्रेष्ठले पत्रकार सम्मेलन गर्दै एक वर्षे कार्यकालमा कृषि तथा पशुपछी विकास मन्त्रालयबाट भएको मुख्य प्रगति तथा उपलब्धीहरुको सूची पेश गर्नुभएको छ । सूचीमा १५ वटा बुँदामा नीतिगत उपलब्धी र ११ वटा बुँदामा कार्यक्रमगत उपलब्धी समावेश गरिएको छ ।

मन्त्री डा. श्रेष्ठलेल प्रस्तुत गर्नुभएको मन्त्रालयको उपलब्धीमा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनको लागि तयार गरिएको २१ वटा नयाँ तथा ३ वटा पुराना कार्यविधि संशोधन स्वीकृत भएका छन् । मन्त्रालयअन्तर्गतका ३२ वटा कार्यालयहरुको अनुगमन निरीक्षण गरी आवश्यक सुझाव प्रदान गरिएको उहाँले बताउनुभयो । दूधको गुणस्तर सुधारका लागि लिनुपर्ने कदमहरु र प्रोत्साहन अनुदानमा गर्नुपर्ने व्यवस्थाहरुको सम्बन्धमा सुझावहरु प्राप्त भएका छन् ।

बागमती प्रदेशको कृषि विकासको वर्तमान अवस्था र गर्न सकिने प्रयासका सन्दर्भमा कृषि सम्बद्ध विज्ञहरु, सरोकारवालालगायतको सहभागितामा छलफल र अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिएको थियो । प्रदेशको कृषि विकासका लागि विभिन्न सुझावहरु प्राप्त भएका छन् । यस्तै, २०८० सालमा लम्पी स्किन रोग नियन्त्रण तथा रोकथामका लागि एक हप्ते अभियान सञ्चालन गरी ४८ हजार ३ सय ६४ गाईलाई निःशुल्क खोप लगाइएको छ । भेडा बाखामा लगाइने पीपीआरका लागि २०८० फागुन १६ देखि २२ गतेसम्म बागमती प्रदेशका १३ पटा जिल्लामा साप्तहप्यापी खोप अभियान सञ्चालन गरिएको थियो । सो अभियानमा ११ लाख ४२ हजार ३ सय २७ वटा भेडाबाखालाई पीपीआर रोगविरुद्धको खोप लगाइएको उपलब्धी सूचीमा उल्लेख छ ।

गुणस्तरीय भेटेरिनरी सेवालाई थप विस्तारका लागि भेटेरिनरी अस्पतात तथा पशु सेवा विज्ञ केन्द्र, चितवनको परिसरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माण कार्य ६० प्रतिशत सम्पन्न भएको मन्त्री श्रेष्ठले बताउनुभयो । पशु स्वास्थ्य तथा क्लिनिक सेवालाई विस्तार गर्न स्थानीय तहसँगको समन्वयमा प्रदेशका २६ स्थानमा एक वडा एक पशु स्वास्थ्य क्लिनिक स्थापनाका लागि निर्माण कार्य अन्तिम चरणमा रहेको जनाइएको छ । यस्तै, स्थानीय तहसँगको साझेदारीमा समुदायमा आधारित खेती प्रणालीमार्फत् कृषि उत्पादनमा आत्मनिर्भर वडा निर्माण गर्न चालु आर्थिक वर्षबाट एक वडा एक कृषि उत्पादन कार्यक्रम सुरुवात गरिएको छ ।

पशुपछी तथा मत्स्य विकास निर्देशनालयबाट सञ्चालित उत्पादनमा आधारित दूधमा अनुदान कार्यक्रमअन्तर्गत् आर्थिक वर्ष २०७९/०८० मा करिब ३० करोड रुपैयाँ दुग्ध उत्पादकहरुलाई प्रवाह भएकाले चालु आर्थिक वर्षमा विनियोजित ५ करोड थौरे भएकाले थप ४५ करोड रुपैयाँ आर्थिक मामिला तथा योजना मन्त्रालयमा माग गरिएको मन्त्री श्रेष्ठले बताउनुभएको छ ।

## खर्च र आम्दानीमा...

सम्भाव्यताको अध्ययन नै नगरी स्टन्टबाजी, लोकरिझाइँ तथा कमिसनको लोभमा तर्जुमा गरिएका योजना तथा कार्यक्रमहरूले मूर्तरूप पाउन नसकेको देखिएको छ । यसैकारण सरकारले ठूला तथा रणनीतिक महत्वका, छिटो प्रतिफल दिने र बहुसंख्यक जनताले लाभ प्राप्त गर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिएर अगाडि बढ्नुपर्ने आवश्यकता देखिएको छ ।

बसमयमै आयोजना अघि बढाउन समय सीमा निर्धारण गरी यसको कार्यान्वयन पक्षको अनुगमन र मूल्यांकनका आधारमा जिम्मेवार निकायलाई सम्मान वा सजायको भागीदार बनाउनुपर्ने देखिन्छ । जिम्मेवार निकायहरूको इच्छाशक्ति र अनुकूल ऐन तथा नियमावलीको सहयोगले मात्र नेपालमा पुँजीगत खर्च बढाउन सकिने देखिन्छ । पुँजीगत खर्चको वृद्धिले अर्थतन्त्र चलायमान भएसँगै मुलुकको राजस्व पनि क्रमशः बढ्दै जाने अनुमान लगाउन सकिन्छ । *(स्रोत: अनलाईनखबर)*

हार्दिक समवेदना



स्व. नरेन्द्र श्रेष्ठ

मकवानपुर जिल्लाको सितोरियो कराँते प्रशिक्षक नरेन्द्र श्रेष्ठको निधनको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

बसन्तकुमार सिटौला, अध्यक्ष
एवम् मकवानपुर जिल्ला भलिबल संघ परिवार
हेटौंडा, मकवानपुर

# चितवन र काभ्रेपलाञ्चोकमा एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा: विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु भएको छ । चितवनमा २ जना र काभ्रेपलाञ्चोक जिल्लामा २ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । चितवन जिल्लाको भरतपुर महानगर पालिका-११, सामन्य टोलमा बाथरुममा लडेर एक जना वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा पर्वत फलेबास घर भई हाल छोरीको घरमा बस्दै आएका ८६ वर्षीय शशीधर पाध्य रहेको प्रहरीले जानकारी दिएको छ ।

मंगलबार बाथरुममा नुहाउने क्रममा वृद्ध लडी घाइते भएका थिए । घाइते वृद्धलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । चितवन जिल्लाको भरतपुर महानगर पालिका-१, स्थित पोखरा बसपार्क पछाडि एक जना पुरुषको शव फेला परेको छ । मंगलबार बिहान १० बजेको समयमा नारायणी नदीको ड्याम साइड्मा नारायणी नदिले बगाएर ल्याएको शव रोल्पा जिल्ला बुढागाउँ-४ बस्ने ५१ वर्षीय ठगेन्द्र डाँगीको रहेको प्रहरीले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिका-४, तीनखुट्टेमा श्रीमान् र श्रीमती मृत फेला परेका छन् । मृत फेला पर्नेमा ६० वर्षीय मान बहादुर बल र श्रीमती ५० वर्षीया केकाई माया बल रहेको प्रहरीले जानकारी दिएको छ । मंगलबार आफ्नै जस्ताले बारेको जस्ताले छाएको घर घरको पसल कोठामा श्रीमती केकाई माया र बल भान्छा कोठामा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतिहुनबाट बचाउँनु हामी सबैको कर्तव्य हो । तसर्थ वन डढेंलो नियन्त्रण कार्यमा सहयोग गर्नु हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

डिभिजन वन कार्यालय, मकवानपुर

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो,

# हार्दिक श्रद्धाञ्जली



जन्मः
बि.सं.२०४० जेठ १९

## स्व. केशव प्रसाद मुडभरी

स्वर्गारोहणः
बि.सं. २०८१ जेठ २

हेटौँडा-१३ स्थित फेमकोल एकेडेमी सेकेण्डरी बोर्डिङ स्कूलका संस्थापक प्रिन्सीपल एवम् निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुर जिल्ला कार्यसमिति सदस्य **केशव प्रसाद मुडभरी**को मिति २०८१ साल जेठ २ गते बुधबारका दिन असामयिक निधनको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नवोदय शिशु सदन मावि
हेटौँडा-४, कमलडाँडा

ब्रह्मदिक् एकेडेमी
हेटौँडा-४, कमलडाँडा

सत्यम जेभियर्स इंग्लिस बोर्डिङ स्कूल
हेटौँडा-४, चिसापानी

रोज एकेडेमी
हेटौँडा-४, खोपेगल्ली

सिद्धार्थ शिशु सदन मावि
हेटौँडा-५, सानोपोखरा

रिलायन्स इंग्लिस सेकेण्डरी बोर्डिङ स्कूल
हेटौँडा-५, सानोपोखरा

जीएस निकेतन मावि
हेटौँडा-५, भैरवरोड

श्रीकृष्ण आदर्श इंग्लिस बोर्डिङ स्कूल
हेटौँडा-९, लामसुरे

हेटौँडा मोडर्न इंग्लिस बोर्डिङ स्कूल
हेटौँडा-९, लामसुरे

रस्सल एकेडेमी
हेटौँडा-९, सिमेन्टरोड

सुनगाभा शिक्षा निकेतन
हेटौँडा-६, चौघडा

जेनिथ सेकेण्डरी स्कूल
हेटौँडा-५, पिप्ले

तासिर इंग्लिस बोर्डिङ स्कूल
हेटौँडा-७, नागस्वती

आदर्श शिक्षा निकेतन
हेटौँडा-१४, मयुरधाप

ज्ञानोदय बालबाटिका आवासीय मावि
हेटौँडा-५, पिप्ले

सनसाइन इंग्लिस बोर्डिङ स्कूल
हेटौँडा-३, बसामाडी

शिक्षा विकास शिशु सदन
हेटौँडा-३, बसामाडी

रेडरोज इंग्लिस बोर्डिङ स्कूल
हेटौँडा-१६, हटिया

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ